**नेपाली नोटको प्रयोग गर्दा अपनाउनु पर्ने सावधानी सम्बन्धमा नेपाल राष्ट्र बैंक, मुद्रा व्यवस्थापन विभागको अनुरोध :**

- नोटको जतन गर्नको लागि अनिवार्य रुपमा मनि ब्याग प्रयोग गर्ने बानी बसालौं ।
- नोटमा जथाभावी केरमेट नगरौं ।
- समान दरका नयाँ अथवा सुकिला दुवै किसिमका नोटको मूल्य समान हुने भएकोले सकेसम्म सुकिला नोटको प्रयोग गर्ने बानी बसालौं ।
- नयाँ नोट छपाई गर्न ठूलो मात्रामा सम्पत्ति खर्चिनु पर्ने भएकोले नोटको जतन गरी देशको सम्पत्ति जौगाऔं ।
- नोटलाई माटो, धमीरा, आगो र पानीबाट जोगाऔं ।
- नोटलाई गाड्ने, धेरै समयसम्म पोको पारेर राख्ने गर्नाले नोट सड्ने डर हुने हुँदा यस्तो कार्यलाई निरुत्साहित गरौं ।
- नोटको हिफाजत गर्ने कुरा आफूले पनि मनन गरौं र अरुलाई पनि सिकाऔं ।
- नोटको कारोबार गर्दा फोहोर गर्ने प्रवृत्तिलाई त्यागौं ।
- पूजा आजा गर्दा अथवा कुनै काम गर्दा मैलिएका हातहरुले सकेसम्म नोट नछोऔं ।
- टाँचा वा स्टिच लगाउँदा नोट च्यातिने र निकाल्न गाह्रो हुने तथा नोटको आयु घट्ने हुँदा, यस्तो कार्यलाई निरुत्साहित गरौं ।
- कारोबारको क्रममा संकास्पद नोटहरु पाईएमा नजिकैको नेपाल राष्ट्र बैंकको कार्यालय वा अन्य बैंक तथा वित्तीय संस्थामा लगि दाखिला गरौं ।
- नोटलाई मठ-मन्दिर वा पूजा पाठ आदि धार्मिक कार्यमा प्रयोग गर्दा नोटमा रंग, अविर, पानी, दूध, रगत आदि नपारौं, बरु दान पेटिकामा हाल्ने वा सम्बन्धित धार्मिक अनुष्ठानको रशीद काटी चन्दा प्रदान गर्ने चलन चलाऔं ।